७२. मको सामै देखिँदैन ।

७३. श्रीश्रीको डिकोभन्दा माथिको भाग देखिँदैन ।

७४. णको सामै देखिन्छ ।

मूलपाठ

१. ॐ श्रेयोऽस्तु ।। सम्वत् ८०९ ज्यैष्ठकृष्ण ।। प्रतिपद्यान्तिथौ ।। श्रीललितब्रुमायां श्रीमाणिग्लात्पश्चिमत् ।। श्रीबल्लानिह्म वन्तागृह द्विजवल श्रीहरिलक्ष्मी ब्राह्मणीजुस नाम्नां सकासात् ।। धोंग्वंगाडक्येव यौतागृह अमात्ते मुतिराज भारोस नाम्नेण शुक्रीयं स्वभुज्येमानिकं ।। तालेक्षेत्रनामप्रदेशे ।। खालचोछे वा[७५] सिंह भारोस क्षेत्रेशिमाया पश्चिमत् ।। श्रीश्रीराज्ञो क्षेत्रादुत्त-

२. रत ।। नकवहिरि नरहरि महात भारोस क्षेत्रस्य पूर्व्वत ।। गुथिया क्षेत्रशिमायां दक्षिणतश्च ।। एतेषा मध्य ता क्षेत्र सार्द्ध सह सप्तरोपनिकं रोवाङ्क रोवो ह्रश ७ जव नत्ति २ सकर्षकं समपरिभोग्यं जथानग्रकारप्रवत्तमान-स्तथा सच्चारार्घण जथोचित्मूल्यमादाय क्रिविक्रीस्वाधिने तेनानिवृत्तकं न्यायण क्रेण विक्रेत्वं भवति जति स्याद्दैवीक राजिक विना ता क्षे-

३. त्रया संकटव्यावाद्वाकारे तदा धार्ण्णकेण परिस्वर्धनियं अत्र पत्रार्थ साक्षि धार्ण्णकस भ्रातापुत्र अमात्ते लक्ष्मीनारायण भारो दृष्ट ।। पूर्व्व तरपतिस खण्डन छपु प्रतिन चोङस मकाया मालङास्यं धार्ण्णकस्न पिकास्यं केनेमाल ।। ता क्षेत्रया सर्व्व स्वधान पूलन पाचु जुरो ।। शुभ ।।

(पछाडिपट्टि)

ताले क्षेत्र ।।

१६० सङ्ख्या

ने. सं. ८०९ [वि. सं. १७४६] भाद्रकृष्णतृतीया

नेपाल–जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई २११६/१६

यस पत्रमा बायाँपट्टि फट्केमा माटाको, वरिपरि थोप्लैथोप्ला भएको गोलो छाप छ र त्यहाँ श्री अक्षर लेखिएको छ ।

मूलपाठ

१. ॐ श्रेयोऽस्तु ।। सम्वत् ८०९ भाद्रपदकृष्ण ृतृतीयायां तिथौ ृश्रीललितब्रुमायां श्रीमानीग्लात्पश्चिमस्थ ृ वंलानिह्म येकुलि दुंदुगृह ृश्रीहरिलक्ष्मी ब्राह्मनीस नाम्ना सकासात् ृसातीग्ल चाकलं येतागृह ृ श्रीरुद्रमती थकुनीजुस नाम्नेन स्वकीयं स्वभुज्यमानिकं ृङखो घतकोक्षेत्रनामप्रदेशे ृश्रीश्रीराजया उज्ञा-

२. नशिमाया पश्चिमत ृश्री ३ आरतिगुथिया क्षेत्राद्द्रुतरत ृश्रीश्रीराजया क्षेत्रात्पूर्व्वत ृ बखनिह्म द्विजवर श्रीब्रह्मेन्द्र उपाध्या फुकिजया क्षेत्राद्दक्षिणतश्च ृ एतन्मध्ये तत्क्षेत्र पादोनसप्तरोपनीकं रोवाङ्क रोव पु ६ जव स्व ३ तत्क्षेत्र सकर्षकं समपरिभोग्यं यथानगरकारप्रवर्त्तमानस्तथासच्चारा-

---

७५. यो व खुँडे छ ।

३. र्घेण यथोचित्मूल्यमादाय क्रयविक्रयस्वाधिनेन तेनानिवर्त्तकं न्यायेन क्रयेन विक्रयेत्तं भवति यदि स्याद्दैवीक-राजिक विना तत्क्षेत्रस संकटव्यावादकाले तदा धार्ण्णकेन परिशोधनीयं ॱ अत्र पत्रार्थे साक्षि ॱ धार्ण्णक स्वपुत्र श्रीरुद्रेन्द्र मल्लदेव वर्म्मण दृष्ट ॥ थ्व बुया क्री पन सर्व्व सोधान पाचकं ध्रुव जुरो ॥

(दायाँ फट्केमा)

शुभ ॥

(पछाडिपट्टि)

१. ङखो घतको

२. बुया

१६१ सङ्ख्या

ने. सं. ८१० [वि. सं. १७४७] वैशाखकृष्णतृतीया

नेपाल–जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिलमको रीलसङ्ख्या ई २३२९/५

यस पत्रमा वायाँपट्टि फट्केमा माटाको, वरिपरि थोप्लैथोप्ला भएको गोलो छाप छ र त्यहाँ श्री अक्षर लेखिएको छ ।

मूलपाठ

१. १ श्रेयोऽस्तु ॥ सम्बत् ८१० वैशाखकृष्ण ॥ तृतीयायान्तिथौ ॥ श्रीललितब्रुमायां श्रीमाणिग्लातपश्चिमत ॥ श्रीब्रखनिह्मगृह द्विजवल श्रीमङ्गलानन्द उपाध्या शर्म्मणस नाम्नण शुक्रीयं स्वभूज्यमानिकं ॥ जेष्ट-भगिणी वलानिह्म येकुलिगृह श्रीहरिलक्ष्मी ब्राह्मणीजुस

२. नाम्नां सकासात् ॥ भोतलंक्वक्षेत्रनामप्रदेशे ॥ शिवराम भार्यो संन्यासि गोष्टिक्षेत्रात्पश्चिमत: धरसिमायां उत्तरत: यितिलंह्ङे जयमुणि बदेया क्षेत्रात्पूर्व्वत ॥ श्रीश्रीराज्ञो क्षत्राद्दक्षिणतश्च ॥ एतत्मध्य तत्क्षत्र साद्ध-त्रयरोपनिकं रोवो स्व त्या ३ × सकर्षकं स्मपरिभोग्यं ज-

३. थानग्रकारप्रव्वत्तमानस्तथा संचारार्घेण जथोचित्मूल्यमादाय क्रिबिक्रीस्वाधिने तेनानिवृत्तकं न्यायण क्रेण विक्रित्वं[७६] भवति ॥ जदि स्याद्दैवीक राजिक संकटव्यावाद्वाकारे तदा धार्ण्णकेण परिस्वधनियं अत्र पत्रार्थ साक्षि भ्राता श्रीवीरेश्वर उपाध्या शर्म्मण दृष्ट ॥ ता क्षेत्रया

(दायाँ फट्केमा)

भर्ण्ण पाचुं शुभ ॥

---

७६. क्रेणको णको ठीक तल पर्ने गरी तल खाली ठाउँमा वि थपिएको छ ।

(पछाडिपट्टि)

भोतलक्व बुया ॥

१६२ सङ्ख्या

ने. सं. ८११ [वि. सं. १७४७] पौषशुक्लतृतीया

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई १५६८/६ र ई २०९४/४२ यस पत्रमा छाप गरेको छ ।

मूलपाठ

१. ८ श्रेयोऽस्तु ॥ सम्वत् ८११ पौषशुक्ल । तृतीयायान्तिथौ श्रीललितब्रुमायां श्रीमाणीग्लातपश्चिमस्थ सोहरनिह्म श्रतवंगृहनिवासी ग्राहक द्विजवर श्रीविष्णुशंकर शर्म्मणस नाम्ना सकासात् ॥ ह्लाग्लटोल महापाल तवलंह्ङनेनि येकुलिगृह देवज्ञ कुतुसिंह भारोस नाम्नः स्वकीयं स्वभुज्यमानिकं ॥ चरतिचोवातिका-नामप्रदेशे ॥

२. श्रीश्रीराजया क्षेत्रेण पश्चिमतः पूर्व्वतः[77] दक्षिणतश्च मार्ग्गेणोत्तरतः एतत्मध्ये तद्वातिका सार्द्ध अष्टकर्षाङ्क कर्ष चया ८ जव नसि २ थ्वतेस धार्ण्णं स्वाधिकारंन पादाधिकत्रयष्कर्षाङ्क कर्ष स्वं ३ जवछि १ जुक्व जुरो तद्धार्ण्णं स्वाधिकारे जुक्व वातिका यथानगरकारप्रवर्त्तमान तथा संचारार्घेण यथोचितमूल्यमादाय क्रयविक्रय-स्वाधीनत्वं कृत्वा

३. दैविक राजिकं विना यदि शङ्कटवादविवादादिकं स्यात्तदा धार्ण्णकेन परिशोधनीयं । अत्र पत्रार्थे साक्षि धार्ण्णक स्वगोत्र ज्येष्ठपितृव्य दैवज्ञ जगन्नाथ भारो वंला मधुमगुडिगृह अनन्तसिंह गुल्मी भारो उभयस दृष्टः थ्व स्वंपेक जवछि जुक्व बुया क्री पन सर्व्व सोधान पाचकं धुंग्व जुरो ॥ शुभमस्तु ॥

(पछाडिपट्टि)

चरति चो बु क्री

१६३ सङ्ख्या

ने. सं. ८१२ [वि. सं. १७४९] भाद्रशुक्लद्वितीया

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई १८३६/१२

---

७७. दक्षिणको दको डिकोको उठानमा डिकोमै छुवाएर डिकोमाथि यस्तो ٧ चिह्न दिई माथि खाली ठाउँमा पूर्व्वतः थपिएको छ र पङ्क्ति जनाउन अन्त्यमा २ लेखिएको छ ।

मूलपाठ

१. ९ श्रेयोऽस्तु ॥ सम्बत ८१२ भाद्रपदशुद्धि २ श्रोस्वहरनिह्म वन्तागृह ॥ स्वपुरुष द्विजवर श्रीदेवशङ्कर शर्म्मणसन स्वभार्य्या श्रीचन्द्रेश्वरी ब्रह्म्णीजुयात छे बु चोस्यं बिरङाया भाखा थ्वते ॥ भाखा स्वहर-निह्मं वन्ता पञ्चखा क्वचार छे धुकुति

२. पिकुति चोता छेलिसहित ॥ लं हुङाजेरथ्यं ॥ यंदोल बु रो स्व ३ जावल ॥ बु रो छि १ ज २ कोपुंदोल बु रोव छि १ ज २ खेलशि वातिका ऋर्ष पि ४ ताल्यवातिका ऋर्ष नसि २ स्वहोलचो वातिका ऋर्ष पि ४ थ्व बु राशि बुसं अर्द्ध भाग जुको ॥ थ्वते

३. छे बु स्वभार्य्या श्रीचन्द्रेश्वरी वह्म्णीजुयात चोस्यं बिया जुरो ॥ थ्वते छे बु जितं चोयावो बिर थुका धास्यं परश्रायितन पिहा काल्य ल चोस्यं पितथने मदु ॥ पुरुषयानां मर चोनसातु थ्व चोस्यं बिको बुया शस्य साह्मां भुक्तपेर जुरो ॥

४. कदाचित् जित चोयावो बिर थुका धास्यं हन बन्धक ते मदु ॥ थ्वते छे बु चोस्यं बिरङाया साक्षि भ्रात्ते द्विजवर श्रीभवाणीशङ्कर शर्म्मण ॥ योखाछे यन्ता रिबि येतागृह ॥ रघुवंश राउत्त जसवन्तसिह वाबु ॥ तपायिति ङाधल यंता॰ सिद्धिरा-

५. म भारो तृय दृष्ट ॥ शुभ ॥[७८]

(पछाडिपट्टि)

९ चोस्यं बि या पत्र

१६४ सङ्ख्या

ने. सं. ८१२ [वि. सं. १७४९] भाद्रशुक्लद्वितीया

यो पत्र शङ्करमान राजवंशी २०४१ : ८३ मा छापिएको छ ।

१६५ सङ्ख्या

ने. सं. ८१२ [वि. सं. १७४९] आश्विनशुक्लसप्तमी

भद्रराज शाक्यको सौजन्यले मूल पत्रबाट नकल मैले लिएको हुँ ।

यस पत्रमा बायाँपट्टि फट्केमा माटाको, वरिपरि थोप्लेथोप्ला भएको गोलो छाप छ । छापको बीचमा खड्ग छ । त्यसको धेरैजसो भाग मालाले घेरिएको छ । खड्गभन्दा माथि श्री अक्षर, त्यस अक्षरको दायाँबायाँ चन्द्र, बायाँ चन्द्रको मुनि यो अक्षर, दायाँ चन्द्रको मुनि ग अक्षर छन् ।

---

७८. पाँचौं पङ्क्ति केही ठाउँ छोडेर उठाइएको छ ।

मूलपाठ

१. ९ स्वस्ति ।। श्रीमाणीग्लाधिपति श्रीश्रीजययोगनरेन्द्र मल्लदेव प्रभू ठाकुरसन ‸ वंलानिह्म नतिन यिकुलिगृहनिवासी ग्राहक ‸ द्विजवर श्रीगंगाधर शर्म्मणस नाम्ने प्रसादीकृतं ‸ यिकोलाद्वक्षेत्रनाम-प्रदेशे ‸ हाथ्वगुथिया क्षेत्रेण पश्चिमतः

२. झोतापोलया जयपति बदेजु विष्णुछेबाहार इन्द्रजोति बदेजुसव सीमाया दुत्तरतः शलकोबाहारगृह श्रीसिद्धि बदेजुस फुकिजया सीमाया दक्षिणतः पूर्व्वतश्च[७९] एतत्मध्ये तत्क्षेत्रश्चतुररोपनिकं रोव पि ४ तत्क्षेत्र यथानगर-

३. कारप्रवर्त्तमानेन सुवर्णपुष्पमालार्घ प्रढौकृत मोहोर टंका स्वं शल नीय ३२० आदाय स्वाधिनावर्त्तकं न्यायेन क्रीबिक्रीन प्रसादारपा जुरो ‸ अत्र पत्रार्थे दृष्टसाक्षि श्रीबोधमल्ल कुह्मरजुस ‸ सम्वत् ८१२ आश्विणीशुक्ल ‸ सप्तम्यान्तिथौ श्रीराजदैवज्ञ-

४. महेन्द्रराजेन लिखितं ‸

(पछाडिपट्टि)

१. इक्वलार बु ।

२. श्रीगंगाधरजुश ।।

१६६ सङ्ख्या

ने. सं. ८१५ [वि. सं. १७५१] कार्तिकशुक्लपूर्णिमा

नेपाल–जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिलमको रीलसङ्ख्या ई १८९५/२८

यस पत्रमा बायाँपट्टि फट्केमा माटाको, गोलो छाप छ। फोटोमा छाप स्पष्ट नआएकोले अरू वयान गर्न सकिएन ।

मूलपाठ

१. ९ स्वस्ति ।। ॐ अद्य श्वेतवाराहकल्पे वैवस्वतमन्वन्तरे कलियुगप्रथमचरणे जम्बुद्वीपे भरतखण्डे आर्य्यावर्त्त-पुण्यस्थाने हिमवत्पादे पशुपतिसन्निधाने वासुकीक्षेत्रे वाग्वत्या दक्षिणकूले नेपालदेशान्तर्गतललितपट्टने इहैव पुण्यभूमौ ।। श्रेयोऽस्तु ।। सम्वत् ८१५ कार्त्तिकमासे शुक्लपक्षे ।। पूर्णिमास्यान्तिथौ ।। अश्विणीनक्षत्रे ।।

२. सुद्धियोगे ।। यथाकरणमुहूर्त्ते ।। सोमवासरे ।। तुलराशिगते सवितरि ।। मेषराशिगते चन्द्रमसि ।। अस्मिन्दिने ‸ श्रीमाणीग्लाधिपतिश्रीश्रीजययोगनरेन्द्रमल्लदेववर्म्मणा स्वहस्तेन लेलेस[८०] ह्मंग्वालतंगिनिक्षेत्रनामप्रदेशे ‸ श्रीश्रीराजयाओ \ विजयसिंह भावोयाओ \ द्वयो क्षेत्रेण पश्चिमतः घरसीमाया उत्तरतः गुथिया-

---

७९. झोतापोलयादेखि पूर्व्वतश्चसम्म चर्को मसीले लेखिएको छ ।

८०. न र ह्मंको बीचमा यस्तो ✓ चिह्न दिई, तल खाली ठाउँमा यस्तो × चिह्नको बीचमा लेलेस थपिएको छ र अन्त्यमा पङ्क्ति जनाउन ३ लेखिएको छ। दोस्रो पङ्क्ति जनाउन ३ लेखिएकोले तलबाट पङ्क्ति गनेको स्पष्ट हुन्छ ।

३. श्रो ्श्रीश्रीराजयाश्रो ्द्वयो क्षेत्रेण पूर्व्वतः श्रीश्रीराज्ञो क्षेत्रेण दक्षिणतश्च ् एततमध्ये तत्क्षेत्रस्त्रयरोपनिकं रोव स्वं ३ पुन ् चोनिवाहार क्षेत्र द्वयो रोपनिकं रोव नसि २ यथाचतुराघाटेन परिवेष्ठितं ् एतौ द्वौ राशिक्षेत्रौ श्रीमदिष्टदेवताप्रीतये ् कोबाहार घालेसिको लं यंतागृह विप्रश्रीश्रीकृष्णथाकुरशर्म्मणे ब्राह्मणाय
४. गोडावरीतीर्थे ् गोशतमहादानकर्म्मसाङ्गतासिद्धचर्थं ॥ एतौ द्वौ राशिक्षेत्रौ संप्रदत्तं ॥

स्वदत्ताम्परदत्ताम्वा यो हरेत्सुरविप्रयोः । षष्ठीवर्षसहस्राणि विष्ठायां जायते क्रिमिः ॥

दत्तपत्रार्थे दृष्टसाक्षि ् बखनिह्म गाडबाहार चाकलं यंतागृह द्विजवर श्रीविद्यानन्द उपाध्या शर्म्मणस ॥ श्रीराजदैवज्ञमोतिराजेन लिखितं ॥ शुभं ॥

१६७ सङ्ख्या

ने. सं. ८१५ [वि. सं. १७५२] श्रावणशुक्लदशमी

विजयशङ्कर श्रेष्ठको सौजन्यले सकलबाट यस पत्रको नकल मैले लिएको हुँ ।

यस पत्रमा बायाँपट्टि फट्केमा माटाको, वरिपरि थोप्लैथोप्ला भएको गोलो छाप छ र त्यहाँ श्री अक्षर लेखिएको छ ।

मूलपाठ

१. ९ श्रेयोऽस्तु ॥ सम्वत् ८१५ श्रावणशुक्ल ॥ दशम्यान्तिथौ ॥ श्रीललितब्रुमायां श्रीमाणिगला पश्चिमत ॥ श्रीवलानिह्म येकुलिगृह द्विजवरश्रीगंगाधरशर्म्मणो विवाहिता श्रीश्रीहरिलक्ष्मी ब्राह्मणीजुस नाम्नां सकासात् ॥ तवच्वाखासि पेखाबु छे यौतागृह दैवज्ञ लक्षेराम भावो भ्रातापुत्र सहस नाम्नेण शुक्रीयं स्व-

२. भुज्यमानिकं ॥ स यवो पेखाबु छ जाव पातारनामप्रदेशे ॥ मार्ग्गेण पश्चिमत ् दक्षिणतः ॥ धार्ण्णकस्वगोत्र वंशिधर भारोस गृहपातारभूम्यां उत्तरत ॥ स यवो माधवराम भावोस गृहेण पूर्व्वत ॥ ता गृह पूर्व्वाभिमुख पश्चिमप्रवेश ॥ ता गृह ताव पातार खाछि १ कु नीयगु २९ जुरो ॥ एते गृहपातारवस्थितबाहिरिद्वा-

३. रांगिणीपल्लालसंछान स्वसिमासकर्षकं स्मपरिभोग्यं जथानप्रकारप्रवत्तुमानस्तथा संचारार्घण जथोचितमूल्यमादाय क्रिबिक्रीस्वाधिने तेनानिवृत्तकं न्यायण क्रेण विक्रेत्वं भवति ॥ जदि स्याद्दैवीकन्राजिक विना शङ्कटव्यावाद्वाकारे तदा धार्ण्णकेण परिस्वधनियं अत्र पत्रार्थ साक्षि धार्ण्णस्वगोत्र भ्राता दैवज्ञ वंशिधर भारो

(दायाँ फट्केमा)

१. दृष्ट ॥ ता गृहया सर्व्व

२. स्वधान पाचु ॥ सुभ ॥

१६८ सङ्ख्या

ने. सं. ८१६ [वि. सं. १७५२] कार्तिककृष्णअमावास्या

नेपाल–जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई १५३५/१७

नेपाल राष्ट्रिय अभिलेखालयमा ५० सङ्ख्याको बट्टामा क्रमसङ्ख्या ७४१ को रूपमा मूल पत्र छ।

मूलपाठ

१. ॥ स्वस्ति ॥ अद्य श्वे[८१]तवराहकल्पे वैव[८२]श्व[८१]तमन्वन्तरे कलियुगे प्रथमचरणे जम्बूद्वीपे भरतखण्डे आर्य्यावर्त्तदेशे हिमव[८२]द्दक्षिणपादे वाशुकिक्षेत्रे पशुपतिसन्निधाने वाग्मत्या · दक्षिणकूले श्रीमत्नेपालान्तर्गते श्रीमल्ललितपट्टने इहैव[८२] पुण्यभूमौ ॥ श्रेयोऽस्तु ॥ सम्वत्सरे ८१६ दक्षिणायणे ॥ हेमन्तार्त्तौ ॥ कार्त्तिकमासे कृष्णपक्षे ॥ × [८३]

२. अमावास्यान्तिथौ ॥ ज्येष्ठानक्षत्रे ॥ धृतिपरशूलयोगे ॥ नागकरणे ॥ यथामुहूर्त्ते ॥ अंगारवासरे ॥ वृश्चिकराशिगते सवितरि ॥ तदेव[८२] राशिगते चन्द्रमसि ॥ एतस्मिन्दिने राहुग्रस्ते दिवा[८२]करे[८४] सूर्य्यग्रास-महापर्व्वणि दातृ वं[८२]कुहिति फुशननि यौकुलि दुंदुगृह प्रजापति वसुरामथकुरनाम्ना स्वहस्तेन स्वविद्यमानेन स्ववाचा प्रतिपन्नेन भूतेन ॥ त्यप्व- ×

३. नायक्षेत्रनामसंज्ञकं ॥ ङाखाचूक श्रीमणिरथन वदेजुया क्षेत्रेण पश्चिमतः ॥ श्रीश्रीराज्ञ क्षेत्रेणोत्तरतः ॥ वं[८२]कुबाहार श्रीगुरु धनजुया क्षेत्रेण पूर्व्वतः ॥ गुथिया क्षेत्रेण दक्षिणतः ॥ एतेषाम्मध्ये ॥ तत्क्षेत्र सार्द्धमेक रोवो[८२]पनिकं रोवा[८२]ङ्क रोव[८२]—छित्या १× भूयः । थंथछेवातिकानामसंज्ञकं ॥ गुथिया वातिकायाःपश्चिमतः ॥ उत्तरतश्च ॥ वं[८२]कुबाहार श्रीधर्म्मकुश- ×

४. ल जुयाव श्रीसर्व्वदेव[८२]याव[८२] द्वयोर्व्वातिकायाः पूर्व्वतः ॥ बकनिह्म द्विजवरश्रीवीरेश्व[८१]रोपाध्या शर्म्मणो वातिकाया दक्षिणतः ॥ एतेषाम्मध्ये ॥ तद्वातिका सार्द्धमेककर्षाङ्क कर्ष— छित्या १× आत्मनोद्देश श्रीइष्टदेव[८२]ताप्रीतये एतौ क्षेत्रवातिकौ संप्रदत्तं ॥

स्वदत्तम्परदत्तम्बा · यो हरेत्सुरविप्रयो × [८५]

(दायाँपट्टि)

१. :।

षष्ठीवर्षसहस्राणि विष्ठायाञ्जायते क्रिमिः ॥

थ्वते बु व[८२]र दुंता व[८२]- थव[८२] नामन गुथि

---

८१. श्वमा लागेको व खुंडे छ।

८२. यो व खुंडे छ।

८३. दायाँपट्टिको पाठ र बायाँपट्टिको पाठ छुट्टयाउन हरेक पङ्क्ति टुङ्गिँदा यस्तो × चिह्न दिइएको छ।

८४. पहिले लेखेको मेटेर दिवाकरे लेखिएको छ।

८५ चौथो पङ्क्ति कुण्डै पञ्चमांश ठाउँ छोडेर उठाइएको छ।

२. चिनकाया भाषा थ्वते ॥ थ्वते बु व[८६]रया वर्ष प्रति बरसात द्रव्य · शिवरात्रि चतुर्द्दशी कुह्न,
३. श्री ३ वुंगदेव[८६]यात , जाके कुड १ तयाव[८६] पूजाभर जो १ निश्राव[८६] जो १ बजि कुड १

(पछाडिपट्टि बीच्नमा)

१. धरिपात १ माध्य ता १ दक्षिणा दं १॥ श्री ३ क्वाठ भोंथदेव[८६]यात , जाके कुड १ तयाव[८६] पूजाभर जो १ निश्राव[८६] जो १ बजि कुड १ माध्य ता १ धरिपात १ दक्षिणा दंम १ ॥ थ्वते सेवा[८६] छोयमार ॥ ज्याथास श्री ३ विश्व[८७]कर्म्मदिव[८६]यात × [८८]
२. अग्रभाग फशि ह्मं १ पंचोपचार पूजा , दक्षिणा दंम १ थ्वते दयकाव[८६] गुरुवाहारण पूजा यातकेमार ॥ गुरुबाहार ह्मं १ श्रीग्वाछेबाहारया थरपाजु निह्म स्त्रीपुरुष २ श्रीवंकुवाहारया थरपाजु निह्म स्त्रीपुरष २ गोष्ठिया थंकारि ह्मं १[८९] थ्व- ×
३. ते पूजन याङाव[८६] ह्मति दक्षिणा दंम छि १ बियाव[८६] , वोन चतामाध्य पा ६ बजि कुड १ तयाव[८६] , भक्षाभोजन यातकेमार जुरो ॥ पूजनव[८६] संसर्गन तयाव[८६] , बोछि जोगियात बियमार ॥ थ्वतेन परशेष गुथि आवोपनि- ×
४. सेन भक्षाभोजन यायमार ॥ थ्वतेया चिन्ता याक , स्वगोत्र प्रजापति हाकुदेव[८६] थकुर , भ्राता प्रजापति इन्द्रराम थकुर , भ्रातृ प्रजापति जीव[८६]नराम थकुर , स्वगोत्र प्रजापति हृदयराम थकुर , थ्वते प्यह्मसेन चोस्यं त ×
५. क्व वर्ष प्रति अविच्छिन्न याङाव[८६] चिन्ता यायमार जुरो ॥ अत्र पत्रार्थे साक्षी × [९०]

(पछाडि दायाँपट्टि छेउमा)

१. स एव[८६] इन्द्रराम , जीव[८६]नराम ,
२. भ्राता प्रजापति विजयकीत थ-
३. कुर एतै दृष्टः ॥ गुरबाहार
४. वोने · दानपतिया ह्न्ङायाह्म जु-

(पछाडि दायाँ फट्केमा)

१. रो ॥ शुभ-
२. मस्तु सर्व्वदा
३. - ॥

---

८६. यो व खुंडे छ ।
८७. श्वमा लागेको व खुंडे छ ।
८८. वीचको पाठ र दायाँपट्टिको पाठ छुट्टयाउन हरेक पङ्क्ति टुङ्गिदा यस्तो × चिह्न दिइएको छ ।
८९. २ र थ्वको बीचमा यस्तो √ चिह्न दिई माथि खाली ठाउँमा यस्तो × चिह्न दिई गोष्ठिदेखि १ सम्म थपिएको छ ।
९०. आधाभन्दा बढी ठाउँ खाली छोडेर पाचौं पङ्क्ति उठाइएको छ ।

(पछाडि बायाँपट्टि)

१. पूर्व्व तलपत्र · ध्याकोजोल वातिकायाव[६१]

२. छपु पतिन चोङस् थंथछे वातिकाया

३. पूर्व्व तलपत्र पिकाया मदो जुरो ।। शुभं ।।

(पछाडिपट्टि)

१. दा न

२. प त्र

१६९ सङ्ख्या

ने. सं. ८१६ [वि. सं. १७५२] कार्तिककृष्णअमावास्या

यो पत्र शङ्करमान राजवंशी २०४४ : ७८–७९ मा छापिएको छ ।

९२ क सङ्ख्या

ने. सं. ७५७ [वि. सं. १६९३] कार्तिकशुक्लसप्तमी

यो लिखतपत्र ९३ सङ्ख्याको रूपमा प्रकाशित हुनुपर्ने हो तापनि मूलपत्र विजयशङ्कर श्रेष्ठको सौजन्यबाट भरखरै मैले हेर्न पाएकोले ९२ क सङ्ख्याको रूपमा यसलाई यहाँ प्रकाश गरेको छु ।

मूलपाठ

१. ॐ स्वस्ति ।। अद्य श्वेतवाराहकल्पे वैवस्वतमन्वन्तरे कलियुगप्रथमचरणे जम्बुद्वीपे भरतखण्डे आर्य्यावर्त्त-पुण्यस्थाने हिमवत्पादे पशुपतिसन्निधाने वासुकीक्षेत्रे वाग्वत्या दक्षिणकूले नेपालदेशान्तर्गतललितपट्टने इहैव पुण्यभूमौ ।। श्रेयोऽस्तु ।। सम्वत ७५७ कार्त्तिककृष्ण ।। सप्तम्म्यां तिथौ ।। अश्ले(ष)नक्षेत्रे ।। इन्द्रयोगे ।। बुद्धवासरे ।। विच्छराशिगते सवितरि ।। कर्क्कराशि-

२. गते चन्द्रमसि ।। अस्मिन्दिने दथलाछ येतागृह ।। पात्रवंश रावुत्त जोगीचा बाबुसन स्वहस्तेन स्वविद्यमानेन स्ववाचा प्रतिपन्नभूतेन जिथिअफलक्षेत्र रोव–छि १ यथाचतुराघाटेन परिवेष्टितं ।। एतत् क्षेत्र श्रीमच्छ्री-श्रीस्वेस्टदेवताप्रीतये , वाराणसीनिवाशी , द्विजवरश्रीदत्तशर्म्मणे ब्राह्मणाय दत्तं ।।

स्वदत्तपरदत्तम्बा ब्रह्मवृत्तिं हरेत्कुधी । षष्ठीर्व्वर्षसहस्राणि विष्टा-
यां जायते कृमि ।।

३. दत्तपत्रार्थे साक्षि , मडिछें द्विजवरश्रीशिवकृष्णशर्म्मा दृष्टः ।। शुभं ।।

---

९१. यो व खुंडे छ ।

(पछाडिपट्टि)

... पत्र ॥

सूचना

ने. सं. ७७१ [वि. सं. १७०८] आषाढशुक्लत्रयोदशीको लिखतपत्रको चर्चा माथि २३ पृष्ठमा १०५ सङ्ख्याको रूपमा गरिएको छ। तर त्यो लिखतपत्र ताडपत्रमा लेखिएको नभई ताम्रपत्रमा कुँदिएको हुनाले त्यहाँ ब्राह्मणको चर्चा आएको भए पनि त्यसको चर्चा माथि नहुनुपर्ने थियो। यस कारण १०५ सङ्ख्यालाई यस लेखबाट खारेज गरिन्छ। त्यस लिखतपत्रलाई खारेज गरिएकोले त्यो लिखतपत्र जहाँ छापिएको हो, त्यसको चर्चा गर्ने त्यस लेखको रोलम्ब २०३९ भनी निर्देश गरिएको छोटकरी रूपको साथै समग्र रूप पनि यहाँ अनावश्यक हुन गएको छ।



ने. सं. ७६२ [वि. सं. १६९८] पौषकृष्णद्वितीयाको, ताडपत्रमा लेखिएको लिखतपत्र

–महेशराज पन्त

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिलमको रीलसङ्ख्या ई २२३१/२५

यस पत्रमा बायाँपट्टि फट्केमा माटाको, वरिपरि थोप्लैथोप्ला भएको गोलो छाप छ र त्यहाँ श्री अक्षर लेखिएको छ।

मूलपाठ

१. ᳲ श्रेयोऽस्तु ॥ सम्वत ७६२ पौष्यकृष्णदुतियायांत्तिथौ ˎ श्रीमध्येपुरिस्याने ˎ यिनायराछितोल ˎ काधिवासिन ˎ प्राहाक ˎ बाबु दुवालकस्य नाम्ना सकासात ˎ पुषुरसितोल ˎ कंवास्त्रव्यं ˎ धार्ण्णक ˎ माल भारो ˎ शिवकृष्ण भारो नेह्म फुकिजकस्य नाम्नेण शुक्रीयं ˎ स्वभुर्ज्यमानिकं ˎ गृहे मण्डलेस्मिन प्रदेशे ˎ प्राहाकस्य गृहेण पश्चिमतः संमिनअंगनायां उत्त्लतः बाबुसिं ˎ उह्लाम ˎ शिवराम स्वह्मंकस्य ˎ मगुष्यायां पूर्व्वतः विष्णुसिंहकस्य ˎ उभयधारा-

२. भुमेण दखिनतश्चः एतत्मध्ये · पुषुलसितोल · नतिन यंतागृहेनामसंज्ञकं · तस्य · वंबो योबोन खेखं ङा कु ५ यंब्बो येबोन नियह्लस कु २७ यंबो येबोन यंताछे मगुलं खेखं रीबिचान तंङान जि कु १० त्या × अंगुरि ४ वंबो योबो जिमच्या कु १८ यंबो येबो सुयच्या कु ३८ त्या × अंगुरि ४ वंथुष्य · यंताष्य अथाक · यंबो येवोन पि कु ४ योथुष्य वंबो योन पि कु ४ यंताष्य · लूफु ह्ङफु थनक्व रिबिनं येताछेनं सहेत ह्लंमङन सहेत · ततगृहे मार्ग्गधा-

३. रा पुर्व्व स्वसिमापलिभोगं · तत यथादेशकालप्रवर्त्तमानतथांसंचात्राघेर्ण्ण सुवर्ण्णमुन्यमादाय क्रयविक्रय-स्वाधिनेन क्रयेण विक्रयतं भवति यद्यस्या देविकराजिकव्याघातपरेण तदा धार्ण्णकेन स्वयं पलिस्वधनीयं · अत्र पत्रार्थे दृष्टसाक्षि · खपो मगराछे · शिवविष्णु भारो दिगुलितोल · विश्वराम आचाद · तव-केबाछे · हाकुख्वाल भारो कलमिनायक · देवसिंह भारो एन्द्रसिंह भारो · रिखित · कायस्थ भल शुभ ॥

(पछाडिपट्टि)

पुषुरसिछे



अर्जुनदेवको शासनको[1] विषयमा

—महेशराज पन्त

ताडपत्रमा लेखिएका, अहिलेसम्म पाइएका लिखतपत्रमध्ये सबभन्दा पुरानो ने. सं. १०३ [वि. सं. १०३९]

---

१. प्राचीन कालमा व्यवहारमा चलेका पारिभाषिक शब्द अहिले बेचलतीका हुँदै गएकाले यहाँ मैले प्रयोग गरेको **शासन** शब्दको विषयमा सबभन्दा पहिले केही लेख्नुपरेको छ ।

हाम्रा धर्मशास्त्रकारहरूले लेख्य [लिखतपत्र]लाई **राजकीय** [राजाको] र **जानपद/लौकिक** [दुनियांदारको] गरी मोटामोटी रूपमा दुइ भागमा बाँडेका छन् (उदाहरणार्थ वि. सं. १९९४ मा वाइबाट प्रज्ञापाठशालामण्डलद्वारा प्रकाशित, लक्ष्मणशास्त्री जोशीद्वारा सम्पादित **धर्मकोश व्यवहारकाण्ड व्यवहार-मातृकाको पूर्वार्धको** ३४८ पृष्ठमा उद्धृत वसिष्ठको वचन, त्यही पुस्तकको ३७३ पृष्ठमा उद्धृत प्रजापतिको वचन) । एक जना धर्मशास्त्रकारले राजकीय लेख्यलाई चार भागमा छुट्ट्याई पहिलो प्रकारकोलाई **शासन** भनेका छन् (त्यही पुस्तकको ३४८ पृष्ठमा उद्धृत वसिष्ठको वचन) । विज्ञानेश्वरको **मिताक्षरामा** भने एक ठाउँमा लेख्यलाई **शासन** र **जानपदको** रूपमा (त्यही पुस्तकको ३५१ पृष्ठ) र अर्को ठाउँमा **शासन** र **चीरकको**

मार्गशुक्लको[१] भए तापनि गद्दीनशीन राजाले जारी गरेका वा गद्दीनशीन राजाको नाउँ परेका त्यस्ता लिखतपत्र-मध्ये ज्योतिर् मल्लले ने. सं. ५४० [वि. सं. १४७७] वैशाखशुक्लपञ्चमीको दिन गरिदिएको फार्छेपत्र[२] नै अहिलेसम्म सबभन्दा पुरानो ठहरिएको थियो। बनेपाका मानन्धरसम्बन्धी हालै छापिएको आफ्नो लेखमा श्रीजीतबहादुर मानन्धरले अर्जुनदेवको ने. सं. ४८५ [वि. सं. १४२२] आश्विनशुक्लनवमीको त्यस्तो लिखतपत्रको फोटो प्रसङ्गवश छपाइदिनुभएकोले[४] त्यस्ता लिखतपत्रको समय ५५ वर्ष पर घचेटिन गएको छ।

ताडपत्रमा लेखिएका, राजाले जारी गरेका वा राजाको नाउँ परेका लिखतपत्रमध्ये अर्जुनदेवको वि. सं. १४२२ को यो लिखतपत्र यसरी सबभन्दा पुरानो हुनुको साथै द्वितीय जयदेव (आसन्न राज्यकाल वि. सं. ७७१–७९०) पछि स्थितिराज मल्ल (राज्यकाल वि. सं. १४३७–१४५२, अगाडि साढे छ सय वर्षभित्र राज्य गरेर गएका अरू कुनै राजाको लिखत नपाइएकोमा यो ताडपत्र पाइनाले स्थितिराज मल्लको ने. सं. ५०८ [वि. सं. १४४४] मार्गशुक्लदशमीको शिलालेख[५]भन्दा यो ताडपत्र २२ वर्षअघिको भएकोले राजाका लिखतको श्रेणीमा

रूपमा छुट्टयाइएको छ (त्यही पुस्तकको २१३ पृष्ठ)। अर्को शब्दमा भन्ने हो भने, विज्ञानेश्वरले राजकीयको ठाउँमा शासन र जानपद/लौकिकको ठाउँमा चीरक शब्दले काम चलाएका छन्। एक जना धर्मशास्त्रकारको वचनसँग यो मेल खाए पनि (त्यही पुस्तकको ३७३ पृष्ठमा उद्धृत प्रजापतिको वचन) अरू धर्मशास्त्रकारहरू-अनुसार चीरक भनेको लौकिक लेख्यहरूका भेदमध्ये एउटा हो (उही पुस्तकका ३४८ पृष्ठमा उद्धृत वसिष्ठको र ३७४ पृष्ठमा उद्धृत व्यासको वचन)।

राजाले जारी गरेको कुनै पनि लेख शासन कहलाउने परम्परा भएकोले नै राजाले राखेका अभिलेखलाई शासन शब्दको अपभ्रंश साहासन शब्दले मल्लकालमा बुझाउने गरेको कुरा यस प्रसङ्गमा स्मरणीय छ (उदाहरणार्थ वि. सं. २०१८ मा काठमाडौँबाट संशोधन–मण्डलद्वारा प्रकाशित गौतमवज्र वज्राचार्य र महेशराज पन्तको अभिलेख–संग्रहको ३ भागका ७–८ पृष्ठ)। यी सबै प्रमाणको आधारमा राजकीय लिखतपत्रलाई बुझाउन प्राचीन कालदेखि चलेको शासन शब्दलाई मैले यहाँ प्रयोग गरेको हुँ।

२. वि. सं. २०४७ मा प्रकाशित पूर्णिमाको ७७ अङ्कमा छापिएको, महेशराज पन्तको ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, विक्रमको चौधौँ शताब्दीका १५ वटा लिखतपत्र भन्ने निबन्धको १ पृष्ठ, पहिलो टिप्पणी।

३. वि. सं. २०४५ मा प्रकाशित पूर्णिमाको ७५ अङ्कका ११–१२ पृष्ठमा छापिएको महेशराज पन्तको ज्योतिर् मल्लले गरिदिएको लिखतपत्र भन्ने निबन्ध।

४. वि. सं २०५० मा काठमाडौँबाट केन्द्रीय मानन्धर संघ स्मारिका प्रकाशन उपसमितिद्वारा प्रकाशित केन्द्रीय मानन्धर संघ न्याववःगु प्रतिनिधि सभा "तःमुंज्या" या स्मारिका [मानन्धरहरूको मूल सङ्घ, पाँचौँ प्रतिनिधिसभाको ठूलो भेलाको सम्झौटो]का ६–११ पृष्ठमा छापिएको जीत बहादुरको बनेपाका मानन्धरहरू भन्ने निबन्ध, सो पुस्तिकाको १० पृष्ठ।

५. वि. सं. २०१० मा काठमाडौँबाट प्रकाशित संस्कृत–सन्देशको १ वर्ष ८ अङ्कका ४६–४८ पृष्ठमा प्रकाशित, बाबुराम आचार्य र नयराज पन्तको मल्लसमयाभिलेखः (वि. सं. १४४४) [मल्लकालको अभिलेख (वि. सं. १४४४)] भन्ने निबन्ध।

पनि यसको अलगगै महत्त्व रहन गएको छ। अझ साँच्चै भन्ने हो भने, स्थितिराज मल्लको सो शिलालेख अर्जुनदेवको यो ताडपत्रभन्दा २२ वर्षपछिको मात्र नभई निजायतीसमेत भएकोले द्वितीय जयदेवका शासनपछिको पहिलो शासन ज्योतिर् मल्लको, माथि चर्चा गरिएको फार्छेपत्र नै भइरहेकोमा यो ताडपत्र पाइएकोले राजकीय शासनको विषयमा खोजी गर्नेहरूको लागि पनि एउटा उपादेय सामग्री हात लाग्न गएको छ। त्यसमाथि, लिच्छविकालका शासन जुन मुहावरामा लेखिन्थे, त्यही मुहावरामा यस ताडपत्रको धेरैजसो भाग लेखिएको र पछिल्लो कालका लिखतपत्रमा पाइने मुहावरा पनि यसमा परेकाले शासन वा लिखतपत्रको मुहावराको परिशीलन गर्नेहरूको लागि पनि यस ताडपत्रको निकै नै महत्त्व देखिन गएको छ।

यो ताडपत्र यसरी धेरै किसिमले उपादेय भए तापनि यसको मूलपाठ प्रकाशमा नआएकोले श्रीजीतबहादुर मानन्धरको सो लेखमा छापिएको फोटो र उहांकै सङ्ग्रहमा रहेको अर्को फोटोको आधारमा यहाँ मूलपाठ सबभन्दा पहिले दिइन्छ :—

१. ८ स्वस्ति श्रीमदभिनवोदितश्रीपशुपतिभट्टारकमहाप्रभावपरिवर्द्धमानज्वलत्प्रतापाणलदग्धनिःशे(ष)ारिवृन्दविराजमानश्रीमानेस्व(रीव)रप्रशादपीयूषपरिपूर्ण्णमूर्त्तिसमुद्गतपौरप्रजासंदोहानुराग-

२. जनितकीर्त्यानीतराज्यलक्ष्मीसमालिंगितमहाराजाधिराजपरमेस्वरपरमभट्टारकश्रीश्रीजयार्जुनदेवपादा विजयिन तत्पाददौवारिकराजपुत्रनिमदेव भारोस वचनेन गाढतराम्बिज्ञप्तिकामा-

३. कण्र्णं प्रसन्नीभूय आत्मीयपादव-नो[६]पजीविनां यथाधिकारेष्वधिकृतान्यथार्हमाभाष्य समाज्ञापयति विदितमस्तु भवतां ।। विनयापुरीदेशस्याग्नेयदिशि प्रदेशे । अमरसीमांधूरस्य क्षेत्रात् पश्चिमत

४. रथनपतिस्य क्षेत्राद्युत्तर ।। चंदनभारोकस्य क्षेत्रात् पूर्व्वत । अमरसीहस्य क्षेत्राद्दक्षिणत । एतन्मध्ये । सातबूक्षेत्रनामसंज्ञकं भर्वात क्षेत्रांक रोव ७ एतत क्षेत्रं । ग्राहक ववयोशाला जेस्तनायकप्रमुख

५. सिंगुठि ् यथाकालप्रवर्त्तमानसञ्चारार्घेन प्रढोकितपुष्पमालामादाय । क्रयविक्रयस्वाधीनत्वेन प्रशादाकृतमस्माभिस्तदवगम्य भवद्भिर्वर्त्तमानके वा राजपुत्रै पौत्रेन वा कैश्चिदप्यत्र व्यावादो ।-

६. पपीडा कर्तुङ्कारयितुम्बा न लभ्यते । इति स्वयमाज्ञापितं ।। प्रते महामात्यवंसज मदनराम छोङ महथस ् पद्मराम शुरवस ् जीव खण्डागाहस ।। सम्बत् ४८५ अश्विनिशुदि ९ शुभमस्तु ।। ।।

---

६. ताडपत्र अलिकति भाँचिएकोले लख्खानोभन्दा बायाँपट्टिको अक्षर पढ्न सकिएन तापनि त्यो संयुक्ताक्षर हो भन्नेमा शङ्का छैन। पादोपजीवीकै अर्थमा पादपद्मोपजीवी पनि पुराना लेखमा आउने हुनाले (वि. सं. २०२२ मा दिल्लीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित दीनेशचन्द्र सरकारको इन्डियन् एपिग्राफिकल् ग्लसअरि [भारतीय अभिलेखमा आएका शब्दको अर्थ]को २२४ पृष्ठ) हामीले व भनी पढेको अक्षरलाई रूप अलि बिग्रेको प भनी पढ्न नसकिने होइन तापनि संयुक्ताक्षरलाई चाहिं कुनै हालतमा पनि द्म भनी पढ्न नसकिने हुनाले 'पादपद्मो°' भन्ने पाठ यहाँ सकार्न सकिन्न।

श्रीजीतबहादुर मानन्धरको सो लेखमा श्रीऐश्वर्यधर शर्माले गर्नुभएको त्यस शासनको भावार्थ पनि गाँसिएको त छ[७], तर त्यस भावार्थमा मूलको भाव कहीँकहीँ ठीकसँग नउत्रेको हुनाले आफूले जानेबुझेसम्म वास्तव उल्था गर्ने कोशिश अब गरिन्छ—

स्वस्ति । श्रीमान्, भरखरै उदय भएका, श्रीपशुपति भट्टारकको ठूलो प्रभावले वढिवढाउ भइरहेका, वल्दो प्रतापको आगोले शेषै नराखी शत्रुको जमात डढाएका, चम्किरहेका, श्रीमानेश्वरीको वरप्रसादरूपी अमृतले परिपूर्ण शरीर भएका, उदाएका पौर र प्रजा[जानपद]को जमातको भक्तिबाट पैदा भएको कीर्तिले ल्याइएकी राज्यलक्ष्मीले अँगालिएका, महाराजाधिराज, परमेश्वर, परमभट्टारक श्रीश्रीजयार्जुनदेव विजयी भइबक्सन्छ ! मौसूफका दौवारिक राजपुत्र निम्मदेव भारोले भनेका हुनाले ज्यादै गहिरो विन्ती सुनेर प्रसन्न भईकन आफ्नो [हाम्रो] तर्फबाट जीविका चलाउने, आआफ्ना काममा खटाइएका अधिकारीहरूलाई यथोचित सोधेर हुकूम हुन्छ ।

विनयापुरी [वनेपा] देशको आग्नेय [दक्षिणपूर्व] दिशाको ठाउँमा, अमरसिंह मान्धूरको खेतदेखि पश्चिम, रत्नपतिको खेतदेखि उत्तर, चन्दन भारोको खेतदेखि पूर्व, अमरसिंहको खेतदेखि दक्षिण, यिनको बीचमा सातबू भन्ने नाउँ भएको, यो सात रोपनी खेत समयअनुसार चलेको मोलबापत चढाइएको फूलको माला लिइबक्सेर किनवेच गर्न सक्ने गरी ग्राहक, क्वथोशालाका ज्येष्ठ नायक मुख्य भएको मुर्दागुठीलाई हामीबाट निगाह गरिबक्सेको छ भन्ने कुरा तिमीहरूलाई थाहा होस् । त्यो थाहा पाएर तिमीहरूले, अहिलेका राजपुत्रहरूले वा नातिले [राजपुत्रहरूका छोराले] वा अरू कसैले पनि यहाँ झगडा गर्ने गराउने वा दुःख दिने दिलाउने गर्न पाइँदैन भनी आफैँबाट हुकूम भएको छ । प्रति (प्रतीत = थाहा पाउने अर्थात् साक्षी)[८] महामात्य [महामन्त्री]को कुलमा जन्मेका मदनराम छोङ महथ [महामन्त्री], पद्मराम सुरवश, जीव खण्डागाह ।

ने. सं. ४८५ [वि. सं. १४२२] आश्विनशुक्लनवमी ।

शुभ होओस् ।

बङ्गालका सुल्तान शमसुद्दीन इल्यासले वि. सं. १४०६ को मङ्सीरमा नेपालमा हमला गर्दा पशुपतिको लिङ्ग पनि उनले तीन टुक्रा पारिदिएको[९] र त्यसको झण्डै साढे १० वर्षपछि वि. सं. १४१७ वैशाखशुक्लद्वितीयाको

---

७. ... स्मारिकाका १०–११ पृष्ठ ।

८. ने. सं. ८७६ आश्विनकृष्णद्वितीयाको लिखतपत्रमा अत्र पत्रार्थे साक्षी घाण्णकस्य पुत्र कृष्ण भारो, पति, स्याम भारो, पति, चिकिति भारो, पति मछेन्द्रसिंह भारो एते दृष्टः (वि. सं. २०४२ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, शङ्करमान राजवंशीको भूमिसम्बन्धी तमसूक-ताडपत्रको तेस्रो भागका ७३–७४ पृष्ठमा यो लिखतपत्र छापिएको छ । त्यहाँ भ्रमवश संवत् ८७४ छापिएको छ । मूल लिखतपत्रसँग रुजू गरी माथिको पाठ दिइएको छ ।) भनी लेखिएकोले त्यहाँ साक्षी र पति अर्थात् प्रतिमा भेद गरेको स्पष्ट हुन्छ । यताबाट साक्षीको एक भेदलाई प्रति भनिन्थ्यो कि भन्ने देखिन्छ ।

९. वि. सं. २०४२ मा वीस्बादेनबाट फ्रन्स स्टाइनर फेर्लागद्वारा प्रकाशित, धनवज्र वज्राचार्य र कमलप्रकाश मल्लको द गोपालराजवंशावलीको ३६ पृष्ठ, मूल वंशावलीको २८ ख पत्रका ४–५ पङ्क्ति ।

दिन महाथ [महामन्त्री] जयसिंहरामले पशुपतिको विधिपूर्वक फेरि स्थापना गरेको[१०] कुरा तात्कालिक टिपोटबाट बुझिन्छ। त्रि. सं. १४१७ वैशाखशुक्लद्वितीयाको दिन पशुपतिको पुनःस्थापना गरिँदा अर्जुनदेव होइन कि उनका बाबु राजदेव नै राजा थिए भन्ने कुरा वि. सं. १४१७ माघकृष्णअष्टमीसम्मका लिखतमा राजाको हैसियतले राजदेवको[११] र वि. सं. १४१८ वैशाखकृष्णद्वादशीदेखिका लिखतमा मात्र राजाको हैसियतले अर्जुनदेवको[१२] चर्चा आएकोले स्पष्ट हुन्छ तापनि त्यस टिपोटमा पशुपतिको पुनःस्थापनाको विषयमा लेख्दा

स ४८० वेशाषशुक्लदुतीया भग्न श्रीपशुपतिस स्थापन याङा ॱ दिन ॱ जयशिंहङराम: महाथ भासन ॱ ... थ्व यज्ञस श्रीजयार्जुनदेवसवो ॱ सङ्कुरदेविसवो ॱ राजासालाबु थे ।। ।।[१३]

[ने. सं. ४८० [वि. सं. १४१७] वैशाखशुक्लद्वितीया भग्न भएका श्रीपशुपतिको स्थापना जयसिंहराम महाथ भाले गरेको दिन । ... यस यज्ञमा श्रीजयार्जुनदेव र शङ्करदेवीलाई राज्याभिषेक गरे जस्तै (विधि गरियो) ।][१४]

---

१०. द गोपालराजवंशावलीको ६२ पृष्ठ, मूल वंशावलीको ५४ क पत्रका ३–४ पङ्क्ति।

११. वि. सं. २०४० मा रोमबाट इस्तितुतो इतालियानो पेर इल मेदिओ एद एस्त्रेमो ओरियेन्तेद्वारा प्रकाशित, लूच्यानो पेतेकको मेड्इईभल् हिस्टरि अफ् नेपाल् [नेपालको मध्यकालको इतिहास]को दोस्रो संस्करणको १२३ पृष्ठमा छापिएको ४ सङ्ख्याको लिखत ।

१२. उही पुस्तकको १३० पृष्ठमा छापिएको १ सङ्ख्याको लिखत ।

१३. द गोपालराजवंशावलीको ६२ पृष्ठ, मूल वंशावलीको ५४ क पत्रका ३–४ पङ्क्ति। मूल वंशावलीको फोटोसँग भिडाईं माथिको पाठ दिइएको छ ।

१४. श्रीजयार्जुनदेवसवो र सङ्कुरदेविसवोमा आएको वोलाई (वि. सं. १९९७ मा कोपनहागनबाट एनार मुन्क्सगार्डद्वारा प्रकाशित हान्स योर्गेन्सनको ए ग्रचाम्अर् अफ् द क्ल्यासिकल् नेवारी [पुरानो नेवारीको व्याकरण]को ३२ प्रक्रममा यस्तो वोको विषयमा हेर्नू ।) क्रियापद बनाई श्रीजयार्जुनदेवस वो, सङ्कुरदेविस वो भन्ने पाठ दिई श्रीजयार्जुनदेव पनि आए । शङ्करदेवी पनि आइन् भनी वि. सं. २०१९ मा हामीले उल्था गरेका थियौं (वि. सं. २०१९ मा ललितपुरबाट जगदम्बा–प्रकाशनद्वारा प्रकाशित, धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको इतिहास–संशोधनको प्रमाण–प्रमेयको मूल भागका ९५–९६ पृष्ठ) । यसको कुण्डै २३ वर्षपछि प्रकाशित भएको द गोपालराजवंशावलीको मूल पाठमा (६२ पृष्ठ) र नेपाली उल्थामा त्यही गलती दोहऱ्याइए तापनि (१०९ पृष्ठ) अङ्ग्रेजी उल्था भने ठीक छ (१५६ पृष्ठ) ।

राजाको अभिषेकको अर्थमा नेवारीमा राजासाले शब्द चलेको थियो भन्ने कुरा नेपाल राष्ट्रिय अभिलेखालय-मा पहिलो १०२३ सङ्ख्यामा रहेको (नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिलमको रीलसङ्ख्या ए ८६०/३) ने. सं. ८२० [वि. सं. १७५६] मार्गशुक्लद्वितीयाको दिन लेखिएको (वि. सं. २०२६ मा काठमाडौंबाट राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित पूर्णरत्न वज्राचार्यको नेपाल–राष्ट्रियाभि-लेखालयस्थ–हस्तलिखित–पुस्तकानाम् बृहत्सूचीपत्रम् [नेपाल राष्ट्रिय अभिलेखालयमा रहेका लेखोट पुस्तकहरूको ठूलो सूचीपत्र] ९ भागको ६० पृष्ठ) पारसीप्रकाशमा (वि. सं. २०३८ मा काठमाडौंबाट च्वसापासाद्वारा प्रकाशित सितु [दूबो]को ६१ अङ्कका ४५–५० पृष्ठमा छापिएको काशीनाथ तमोटको

भनी लेखिएकोले राजदेव गद्दीमा छँदा छँदै[१५] जयसिहरामको पक्षले उनका छोरा अर्जुनदेवलाई यस बेला राजाको मान्यता दिएको स्पष्ट हुन्छ। भरखरै उदय भएका भन्ने विशेषण अर्जुनदेवको नाउँमा यस शासनमा जोडेर फण्डै साढे पाँच वर्षअगाडिको त्यही घटनाको सङ्केत गरेको र वि. सं. १४५७ कार्तिकशुक्लचतुर्दशीको दिन जयसिहराम परलोक भएपछि पनौती इन्द्रेश्वरमन्दिरमा राखिएको ताम्रपत्रमा जयसिहरामले अर्जुनदेवको पुण्याभिषेक गरे[१६] भनी लेखेर वि. सं. १४१७ को त्यही घटनाको स्मरण गरेको देखिन्छ।



पारसी प्रकाश भन्ने लेखमा यस पुस्तकको विषयमा लेखिएको छ) कुतबको पर्यायमा संस्कृत अभिषेकः र
नेवारी राजासाले (५ ख पत्रको ८ पङ्क्ति) भनी दिइएकोबाट स्पष्ट हुन्छ (पारसीप्रकाशमा अभिषेकको
अर्थमा राजासाले लेखिएको कुरा श्रीकाशीनाथ तमोटबाट मैले थाहा पाएको हुँ)। राज्याभिषेक गरियो भन्ने
अर्थमा नेवारीमा राजा सारा लेखिन्थ्यो भन्ने कुराको पुष्टि ठिमीका चन्द्रमान जोशीको सङ्ग्रहमा रहेको
ठ्यासफुमा थ्वयात जिमपेह्न्॰, नृपेन्द्र मल्लया, किजा श्रीश्रीपार्थिवेन्द्र मल्ल, यँरया राजां, खप्वया
राजां दयकाओ, मूलचुकस राजा सारा, आषाढशुक्ल नवमी, स्वातिनक्षेत्र, सिद्धियोग, शुक्रवार, थ्व
कुह्न॰या वेला घटि ७ वेङाव घटि ११ थ्वतेनहृङा सिंहलग्नस राजा सारा जुरो ।। लेखिएकोले पनि हुन्छ।
(वि. सं. २०१४ मा काठमाडौंबाट धनवज्र वज्राचार्यद्वारा प्रकाशित उनैको इतिहास-संशोधन ८ सङ्ख्याको
१३ पृष्ठमा, इतिहास-संशोधनको प्रमाण-प्रमेयको मूल भागको २३९ पृष्ठमा र वि. सं. २०२३ मा
कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित डिल्लीरमण रेग्मीको मेड्इईभल् नेपाल् [मध्यकाल-
को नेपाल]को ३ भागको २ खण्डको १० पृष्ठमा यो अंश छापिएको छ, मूल ठ्यासफुको फोटोसँग भिडाई
माथिको पाठ दिइएको छ।) नेपाल राष्ट्रिय अभिलेखालयमा पहिलो ३८२ सङ्ख्यामा रहेको (नेपाल-
जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ए ३४४/५), ने. सं. ७२३
[वि. सं. १६५९] माघशुक्लपञ्चमीको दिन लेखिएको परमेश्वरीव्रतकथाका २६ क पत्रका २-५ पङ्क्तिमा
थ्व नवराजदेव मामन सहित किसि गयेकाव अनेग बाजन वादन याव सिंधुलजात्रा याङन द्वालस नेह्म
छनादि याङाव राज्याभिषेक बिया तिका सारा भनी लेखिएको छ। (श्रीकाशीनाथ तमोटबाट यो उद्धरण
मैले पाएको हुँ।) यी सबै प्रमाणबाट नाम र क्रिया दुवैमा सारा चलेको स्पष्ट हुन्छ।

१५. राजदेव कहिले परलोक भए भन्ने कुरा मलाई थाहा छैन। चाँगुनारायणको भण्डारमा राखिएको, ने. सं ५०० [वि. सं. १४३७] वैशाखशुक्लपञ्चमीको खण्डित ताम्रपत्रमा वरलब्धप्रसादजयराजदेवस्य मोक्षनिमित्ते भनी लेखिएकोले (वि. सं. २०४० मा कीर्तिपुरबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्र-द्वारा प्रकाशित, मोहनप्रसाद खनालको चाँगुनारायणको ऐतिहासिक सामग्रीको १६२ पृष्ठ) यस समयसम्म उनी परलोक भइसकेको देखिन्छ।

१६. वि. सं. २०२४ मा प्रकाशित पूर्णिमाको १४ अङ्कका १३०-१३३ पृष्ठमा छापिएको रामजी तेवारी, धनवज्र वज्राचार्य र दिनेशराज पन्तको जयसिहरामको संज्ञनामा राखिएको पनौती इन्द्रेश्वर-मन्दिरको ताम्रपत्र भन्ने निबन्ध।

वेङ्कटेश केतकर (वि. सं. १९१०–१९८७)को ज्योतिर्गणितको चन्द्रसूर्याध्यायको रामजी तेवारी (वि. सं. १९७३–२०४०)ले गरेको उल्था

कोष्ठत्रितयात्३साध्या अभिमततिथ्यन्तमध्यमध्रुवकाः ।
आद्यादिसप्त७करणैस्तुर्य४पदात् पञ्चमाच् ५ च संस्काराः ॥१॥
सप्त७फलैक्यखषड्६०लवयुक्ताष्टम८साधनेन पूर्वस्मात् ।
पञ्चाङ्गपञ्चम५पदादष्टम८संस्कारलिप्तिका ग्राह्याः ॥२॥
अष्टानां ८ च फलानां षष्टि६०तमांशेन संयुतं नवमम् ९ ।
कृत्वा तेनाऽत्रत्यात् षष्ठ६पदादुद्धरेत् फलं नवमम् ९ ॥३॥
नव९संस्कारप्रचये मध्यमतिथ्यन्तकालिके चन्द्रे ।
युक्ते मन्दस्पष्टश्चन्द्रः स्यात् क्रान्तिवृत्तपरिणमितः ॥४॥

अन्वय— कोष्ठत्रितयात्, अभिमततिथ्यन्तमध्यमध्रुवकाः, साध्याः, आद्यादिसप्तकरणैः, तुर्यपदात्, पञ्चमात्, च, संस्काराः, साध्याः, ॥१॥ सप्तफलैक्यखषड्लवयुक्ताष्टमसाधनेन, पूर्वस्मात्, पञ्चाङ्गपञ्चमपदात्, अष्टमसंस्कारलिप्तिकाः, ग्राह्याः ॥२॥ अष्टानाम्, फलानाम्, षष्टितमांशेन, संयुतम्, नवमम्, कृत्वा, तेन, अत्रत्यात्, षष्ठपदात्, नवमम्, फलम्, उद्धरेत् ॥३॥ नवसंस्कारप्रचये, मध्यमतिथ्यन्तकालिके, चन्द्रे, युक्ते, क्रान्तिवृत्तपरिणमितः, मन्दस्पष्टः, चन्द्रः, स्यात् ॥४॥

पदार्थ— कोष्ठत्रितयात्= तीनवटा कोष्ठबाट । अभिमततिथ्यन्तमध्यमध्रुवकाः= इष्ट तिथ्यन्तकालका मध्यमध्रुव । साध्याः= साधना गर्नू । आद्यादिसप्तकरणैः= १ देखि ७ सम्मका उपकरणले । तुर्यपदात्= चारौँ कोष्ठबाट । पञ्चमात् च= पाँचौँ कोष्ठबाट पनि । संस्काराः= संस्कार । साध्याः= साधना गर्नू ॥१॥ सप्तफलैक्यखषड्लवयुक्ताष्टमसाधनेन= सातवटा फलको जम्माको ६० भागको १ भाग जोडिएको आठौँ उपकरणले । पूर्वस्मात्= पहिलेको । पञ्चाङ्गपञ्चमपदात्= पञ्चाङ्गाध्यायको पाँचौँ कोष्ठबाट । अष्टमसंस्कारलिप्तिकाः = आठौँ संस्कारका कला । ग्राह्याः= ल्याउनू ॥२॥ अष्टानाम्= आठवटा । फलानाम्= फलहरूको । षष्टितमांशेन= ६० भागको १ भागले । संयुतम्= जोडिएको । नवमम्= नवौँ उपकरण । कृत्वा= गरेर । तेन= संस्कृत नवौँ उपकरणले । अत्रत्यात्= यहाँको [चन्द्रसूर्याध्यायको] । षष्ठपदात्= छैटौँ कोष्ठबाट ।

नवमम् = नवौं । फलम् = फल । उद्धरेत् = ल्याओस् ॥३॥ नवसंस्कारप्रचये = नौवटा संस्कारको जम्मा । मध्यमतिथ्यन्तकालिके = मध्यमतिथ्यन्तकालका । चन्द्रे = चन्द्रमामा । युक्ते = जोडे छँदा । क्रान्तिवृत्तपरिणमितः = क्रान्तिवृत्तमा रहेका । मन्दस्पष्टः = स्पष्ट । चन्द्रः = चन्द्र । स्यात् = हुन्छन् ॥४॥

मध्यमतिथ्यन्तविधोः शरगणितप्रक्रियोच्यते सूक्ष्मा ।
संस्कृतनवमेन९ हरेत् सप्तम७कोष्ठस्थिताः कदम्बकलाः ॥५॥
मासतिथिर्जिन२४निघ्नी मध्यमनवमेन९ नव९लवैश्चोना ।
शेषेणाऽष्टम८कोष्ठाद् गृह्णीयात् प्रथममब्जविशिखफलम् ॥६॥
द्वादश१२करणयुताभ्यां पञ्चम५तुर्यो४पसाधनाभ्यां च ।
द्वादश१२करणविहीनैरेकादश११दशम१०षष्ठ६सप्तम७कैः ॥७॥
द्वादशके१२नैकेन च नवमात्९ फलसप्तकं७ लभेत सुधीः ।
सफलाः कदम्बलिप्ताः खयुगपञ्चो५४०निता भवेद् बाणः ॥८॥
अवशेषदिक् च स स्याद् धनचिह्ने तूत्तरोऽन्यथा याम्यः ।
स्पष्टाष्टमेन८ विधुगतिमनया विधुबिम्बलम्बनादि हरेत् ॥९॥

अन्वय— मध्यमतिथ्यन्तविधोः, सूक्ष्मा, शरगणितप्रक्रिया, उच्यते, संस्कृतनवमेन, सप्तमकोष्ठस्थिताः, कदम्बकलाः, हरेत् ॥५॥ मासतिथिः, जिननिघ्नी, कार्या, मध्यमनवमेन, नवलवैः, च, ऊना, कार्या, शेषेण, अष्टमकोष्ठात्, प्रथमम्, अब्जविशिखफलम्, गृह्णीयात् ॥६॥ द्वादशकरणयुताभ्याम्, पञ्चमतुर्योपसाधनाभ्याम्, द्वादशकरणविहीनैः, एकादशदशमषष्ठसप्तमकैः ॥७॥ एकेन. द्वादशकेन, च, नवमात्, सुधीः, फलसप्तकम्, लभेत, सफलाः, कदम्बलिप्ताः, खयुगपञ्चोनिताः, कार्याः, बाणः, भवेत् ॥८॥ सः, अवशेषदिक्, स्यात्, धनचिह्ने, तु, उत्तरः, स्यात्, अन्यथा, याम्यः, स्यात्, स्पष्टाष्टमेन, विधुगतिम्, हरेत्, अनया, विधुबिम्बलम्बनादि, हरेत् ॥९॥

पदार्थ — मध्यमतिथ्यन्तविधोः = मध्यमतिथ्यन्तकालका चन्द्रमाको । सूक्ष्मा = सूक्ष्म । शरगणितप्रक्रिया = शर गर्ने रीति । उच्यते = भनिन्छ । संस्कृतनवमेन = संस्कृत नवौं उपकरणले । सप्तमकोष्ठस्थिताः = सातौं कोष्ठमा रहेका । कदम्बकलाः = कदम्बकला । हरेत् = ल्याओस् ॥५॥ मासतिथिः = महीनाको तिथि । जिननिघ्नी = २४ ले गुनिएको । कार्या = गर्नू । मध्यमनवमेन = मध्यम नवौं उपकरणले । नवलवैः च = नौ अंशले पनि । ऊना = घटेको । कार्या = गर्नू । शेषेण = शेषले । अष्टमकोष्ठात् = आठौं कोष्ठबाट । प्रथमम् = पहिलो । अब्जविशिखफलम् = चन्द्रमाको शरको फल । गृह्णीयात् = ल्याओस् ॥६॥ द्वादशकरणयुताभ्याम् = बाह्रौं उपकरण जोडिएका । पञ्चमतुर्योपसाधनाभ्याम् = पाँचौं र चारौं उपकरणले । द्वादशकरणविहीनैः = बाह्रौं उपकरण घटेका । एकादशदशमषष्ठसप्तमकैः = एघाह्रौं, दशौं, छैटौं, सातौं उपकरणले ॥७॥ एकेन = खाली । द्वादशकेन च = बाह्रौं उपकरणले पनि । नवमात् = नवौं कोष्ठबाट ।

सुधीः= विद्वान्ले । फलसप्तकम्= सातवटा फल । लभेत= ल्याओस् । सफलाः= फलले सहित भएका । कदम्बकलाः= कदम्बकला । खखयुगपञ्चोनिताः= ५४०० घटेका । कार्याः= गर्नू । वाणः= शर । भवेत्= हुन्छ ।।८।। सः= त्यो शर । अवशेषदिक्= शेषको चिह्नअनुसारको दिशा भएको । स्यात्= हुन्छ । धनचिह्ने तु= धनचिह्नमा त । उत्तरः= उत्तर । स्यात्= हुन्छ । अन्यथा= नत्र । याम्यः= दक्षिण । स्यात्= हुन्छ । स्पष्टाष्टमेन= स्पष्ट आठौं उपकरणले । विधुगतिम्= चन्द्रमाको दैनिक गति । हरेत्= ल्याओस् । अनया= चन्द्रमाको दैनिकगतिले । विधुबिम्बलम्बनादि= चन्द्रबिम्ब र चन्द्रपरमलम्बन आदि । हरेत्= ल्याओस् ।।९।।

प्रथमेन साधनेन च दशमपदान् मन्दफलमुपादाय ।
मध्यमसूर्ये योज्यं तेन स्पष्टो भवेत् सहस्रांशुः ।।१०।।

अन्वय— प्रथमेन, साधनेन, च, दशमपदात्, मन्दफलम्, उपादाय, मध्यमसूर्ये, योज्यम्, तेन, सहस्रांशुः, स्पष्टः, भवेत् ।।१०।।

पदार्थ— प्रथमेन= पहिलो । साधनेन च= उपकरणले पनि । दशमपदात्= दशौं कोष्ठबाट । मन्दफलम्= मन्दफल । उपादाय= ल्याएर । मध्यमसूर्ये= मध्यमसूर्यमा । योज्यम्= जोड्नू । तेन= त्यस कामले । सहस्रांशुः= सूर्य । स्पष्टः= स्पष्ट । भवेत्= हुन्छन् ।।१०।।

समकालान्तरितेभ्यो राशिभ्योऽर्धान्तरस्थराशीनाम् ।
कर्त्तुमियत्तां सूक्ष्मामन्तर्न्यासाख्यपद्धतिं चक्षे ।।११।।

अन्वय— समकालान्तरितेभ्यः, राशिभ्यः, अर्धान्तरस्थराशीनाम्, सूक्ष्माम्, इयत्ताम्, कर्तुम्, अन्तर्न्यासाख्यपद्धतिम्, चक्षे ।।११।।

पदार्थ — समकालान्तरितेभ्यः= बराबर कालको फरकमा रहेका । राशिभ्यः= राशिबाट । अर्धान्तरस्थराशीनाम्= आधा फरकमा रहेका राशिको । सूक्ष्माम्= सूक्ष्म । इयत्ताम्= प्रमाण । कर्त्तुम्= ल्याउन । अन्तर्न्यासाख्यपद्धतिम्= अन्तर्न्यासपद्धति । चक्षे= भन्दछु ।।११।।

ऊर्ध्वाधरं लिखेद् राशींस्त्रींस्तेषामन्तरे स्मृते ।
आद्ये तयोरन्तरयोरन्तरं परसंज्ञकम् ।।१२।।

आद्यान्तरैक्यचरणे चाऽष्टमांशे परस्य च ।
क्षिप्ते मध्यगते राशौ स्यादधोऽर्धान्तरे स्थितः ।।१३।।

पुनर्मध्यगतो राशिश्चाऽद्यसंस्कारवर्जितः ।
परसंस्कारसंयुक्तः स्यादूर्ध्वाधान्तरे स्थितः ।।१४।।

अन्वय— त्रीन्, राशीन्, ऊर्ध्वाधरम्, लिखेत्, तेषाम्, अन्तरे, आद्ये, स्मृते, तयोः, अन्तरयोः, अन्तरम्, परसंज्ञकम्, स्मृतम् ।।१२।। आद्यान्तरैक्यचरणे, परस्य, अष्टमांशे, च, मध्यगते, राशौ, क्षिप्ते, सति,

अधः, अर्धान्तरे, स्थितः, राशिः, स्यात् ॥१३॥ पुनः, मध्यगतः, राशिः, आद्यसंस्कारवर्जितः, परसंस्कारसंयुक्तः, कार्यः, ऊर्ध्वार्धान्तरे, स्थितः, राशिः, स्यात् ॥१४॥

पदार्थ— त्रीन् = तीनवटा । राशीन् = राशिलाई । ऊर्ध्वाधरम् = माथि र तल । लिखेत् = लेखोस् । तेषाम् = तिनीहरूका । अन्तरे = अन्तर । आद्ये = आद्य नाम भएका । स्मृते = कहिए । तयोः = ती । अन्तरयोः = अन्तरको । अन्तरम् = अन्तर । परसंज्ञकम् = पर नाम भएको । स्मृतम् = कहियो ॥१२॥ आद्यान्तरैक्यचरणे = आद्यान्तरको जम्माको ४ भागको १ भाग र । परस्य = परको । अष्टमांशे च = आठ भागको १ भाग पनि । मध्यगते = बीचको । राशौ = राशिमा । क्षिप्ते सति = जोडे छँदामा । अधः = तलको । अर्धान्तरे = आधाको फरकमा । स्थितः = रहेको । राशिः = राशि । स्यात् = हुन्छ ॥१३॥ पुनः = फेरि । मध्यगतः = बीचको । राशिः = राशि । आद्यसंस्कारवर्जितः = पहिलो संस्कार घटेको । परसंस्कारसंयुक्तः = पछिल्लो संस्कार जोडिएको । कार्यः = गर्नू । ऊर्ध्वार्धान्तरे = माथिको आधाको फरकमा । स्थितः = रहेको । राशिः = राशि । स्यात् = हुन्छ ॥१४॥



शिशुपालवधको पहिलो सर्गको सारांश

—नयराज पन्त

घेरै पाप वढी अनर्थ हुन गो, सद्धर्म पाखा पऱ्यो,
साह्रै भो अब ता, भएन यसरी यो लोक ठाडै मऱ्यो ।
पृथ्वी उज्जर पार्न फेरि पनि लौ माझ्नैपऱ्यो यो कस,
यो सम्झी वसुदेवका सुत भई बस्थे कुनै पूरुष ॥१॥
द्यौताको अगुवा भई गगनको बाटो गरी नारद
आए, श्रीयदुनाथबाट उनको ठूलो भयो स्वागत ।
विस्तारै ऋषिलाइ कंसरिपुले के कामले पाल्नुभो,
मैले गर्नु छ के, तयार छु भनी एकान्तमा सोध्नुभो ॥२॥
यो वोली ऋषिले सुनीकन भने लीला प्रभो सुन्दछु,
दुःखीमाथि हजूरको छ करुणा भन्ने कुरा जान्दछु ।
साक्षात् विष्णु हजूरलाई मनले योगीहरू खोज्दछन्,
हामी झैं लठुवा त बाहिर भुली यो रूप नै पुज्दछन् ॥३॥

वि. सं. २००२।६।९

द्यौताले प्रभुको परी शरणमा सानो कुराको झिंजो
गर्यौं हे मुनि बोल बिन्ति प्रभुमा भन्दा सबैको भलो ।

होस् भन्ने मनमा लिएर प्रभुमा हाजीर ऐले भएँ,
पाए औसर माफ स्वामित सबै त्यो बिन्ति गर्ने थिएँ ।।४।।
घेरै भो उहिल्यै हिरण्यकशिपु प्रख्यात भो दानव,
सुन्दैमा पनि नाम मात्र जसको इन्द्रादि काँप्थे सब ।
यो सारा भुवनै रजाइँ त्यसले च्यापेर नै गर्दथ्यो,
निर्धालाइ पिटेर राख्नु बलले हो धर्म त्यो भन्दथ्यो ।।५।।
देख्तै घोर नृसिंह रूप त धरी त्यल्लाइ च्यापीकन
नङग्राले सजिलै चिरीकन भुँडी यो लोकको पालन ।
साक्षात् श्रीप्रभुबाट नै अघि भयो, त्यो दुष्ट थाक्थ्यो किन,
झन् साह्रो बलियो अघोर मतिको बन्दो भयो रावण ।।६।।
त्यल्ले गर्नु गऱ्यो, भई थरहरी द्यौता पसे जङ्गल,
कोही डिच्च परी यताउति गरी बन्दै गए नोकर ।
ब्रह्माण्डै भरमा जहाँ जति थिए राम्रा कुरा ती सब
गर्दै हाहु रिझाउँदा त्यसकनै मान्ने भए गौरव ।।७।।
स्वास्नीमानिसको निमित्त पनि ता बढ्दै गयो सङ्कट,
खाली भोगविलासनिम्ति कतिको जान्थ्यो त्यसै इज्जत ।
विश्वात्मा प्रभुबाट राघव बनी सीता लिई जङ्गल
पस्तामा पनि दुष्टले छल गरी सीता हऱ्यो आखिर ।।८।।
सोही पाप फलेर आखिर मऱ्यो त्यो लोकको कण्टक,
त्यो बानीव्यवहार तैपनि हरे छाडेन त्यल्ले अझ ।
ऐले त्यो शिशुपालनामक बडो राजा भई बस्तछ,
द्यौताको मुटुमा पसेर बलले ढ्याङग्रो सधैं ठोक्तछ ।।९।।
दुःखी लोक हजूरकै चरणको आशा अझै राख्तछ,
जे गर्दा सुख शान्ति भै मुलुकमा त्यो दुःखले छाड्दछ ।
सोही होस्, अब दुष्टको भय नहोस्, धर्मै बढोस् सन्तत,
देखून् दुष्ट त एकपल्ट प्रभुको शार्दूलविक्रीडित ।।१०।।
यो बोली ऋषिको सुनी अनि गुनी श्रीकृष्णले बोल्नुभो,
चाँडै औषधि गर्छु दुष्टहरुको, यो रोग साह्रै बढ्यो ।
आज्ञा लीकन सुस्त सुस्त गतिले देवर्षि अक्कासिए,
क्रोधैका अनि रङ्गढङ्ग पनि ता श्रीकृष्णमा देखिए ।।११।।



वि. सं. २००२।१०।२

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका) का. मे. ब. द. नं. १५५/२४६

कार्यालय

संशोधन-मण्डल

वटु सवलवहाल

ग-१-५३० काठमाडौँ-३

नेपाल

फोन नं. २-२०४९२

वि. सं. २०५० चैत्र

यस अङ्कको मूल्य रु. ६५।-

मुद्रक

लुम्ष प्रेस

नयाँ बानेश्वर

ख-१-३७३ काठमाडौँ-१

नेपाल

फोन नं. ४-७३५८६